Education Quarterly Vol: 5, **DOI:** https://doi.org/10.3126/jeqtu.v5i1.76751

# थारुभाषी विद्यार्थीका नेपाली उच्चारणगत र वर्णविन्यासगत त्रुटि

**नारायणप्रसाद पन्थ**
बुटवल बहुमुखी क्याम्पस, बुटवल
**Email:** panthanarayank@gmail.com

## लेखसार

*प्रस्तुत लेखमा थारुभाषी विद्यार्थीको नेपाली उच्चारणगत र वर्णविन्यासगत त्रुटिलाई मुख्य समस्याका रूपमा लिइएको छ । लेखको उद्देश्य थारुभाषी विद्यार्थीको नेपाली उच्चारणगत र वर्णविन्यासगत त्रुटिको विश्लेषण गर्नु रहेको छ । गुणात्मक ढाँचामा तयार पारिएको यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतबाट तथ्य सङ्कलन गरी वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ । अनुसन्धानका क्रममा थारुभाषी विद्यार्थीले 'क्ष' वर्णलाई 'छ' वा 'छे', 'य' वर्णलाई 'ए', 'त' वर्णलाई 'ट', 'ज्ञ' वर्णलाई 'ग' वा 'गे' वा 'ग्गे' का रूपमा उच्चारण गर्नाले यसको प्रभाव लेखाइमा समेत परेको देखिन्छ । त्यस्तै, उक्त विद्यार्थीले अजन्तलाई हलन्त उच्चारण गरेको, अनुस्वार तथा चन्द्रबिन्दुको उपयुक्त उच्चारण गर्न नसकेको, वर्णलोप गरेको, रकार लोप तथा रेफ लागेका वर्णको त्रुटिपूर्ण उच्चारण गरेको देखिन्छ । उच्चारणको प्रभावले सबै विद्यार्थीको लेखाइमा एउटै प्रकृतिका त्रुटि रहेका छन् । यस अध्ययनबाट नेपाली वर्णविन्यासका क्षेत्रमा थारुभाषी विद्यार्थीले उच्चारणगत प्रभावका कारण वर्णविन्यासगत त्रुटि गर्ने गरेको निष्कर्ष प्राप्त भएको छ । शिक्षण सिकाइका क्षेत्रमा उपयोग हुने भएकाले प्रस्तुत लेखको शैक्षणिक उपयोगिता रहेको छ ।*

**शब्दकुञ्जी :** त्रुटि, मातृभाषा, वर्णविन्यास, व्याकरणिक कोटि, शुद्धीकरण ।

## परिचय

नेपालको संविधानमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताबिच एकता, सामाजिक तथा सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्ने कुरा उल्लेख गरिएको छ । २०७८ को जनगणनाअनुसार ४४.८६ प्रतिशतले नेपाली भाषा बोल्दछन् । २०६८ को जनगणनाले १२३ मातृभाषा सूचीकृत गरेकामा २०७८ को जनगणनाले नेपालमा १२४ मातृभाषा बोलिने तथ्याङ्क सार्वजनिक गरेको छ ।

नेपालको संविधानअनुसार नेपालमा बोलिने सबै भाषालाई राष्ट्रभाषाका रूपमा संवैधानिक मान्यता प्राप्त छ । नेपालको संविधानमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतामा एकता, सामाजिक तथा सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्ने विषयवस्तु उल्लेख छ । नेपालको जनगणना २०६८ अनुसार थारु जातिको जनसङ्ख्या कुल जनसङ्ख्याको ६.६ प्रतिशत अर्थात् १७,३७,४७० जनसङ्ख्या रहेको छ । रूपन्देही जिल्लामा ५५,३१५ अर्थात् कुल जनसङ्ख्याको ०.२ प्रतिशत र थारु मातृभाषा हुनेको ३.६ प्रतिशत रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार १५,२९,८७५ जनसङ्ख्या रहेको छ । यो जनसङ्ख्या ५.७७ प्रतिशत हुन आउँछ । संविधानले थारु भाषालाई राष्ट्रभाषाका रूपमा मान्यता दिएको छ र औपचारिक शिक्षामा अध्ययन अध्यापनको स्वीकृति पनि पाएको छ । चौधरी (२०७६) का अनुसार थारु तराईका विभिन्न ठाउँमा छरिएर बसे पनि उनीहरूको संस्कार मिल्दोजुल्दो पाइन्छ । पहाडिया २०२१/०२२ सालतिर औलो उन्मूलनपछि पहाडबाट तराईतिर पुनर्वास भएको पाइन्छ (पृ. १६८) । नेपाली र थारु समपारिवारिक परिवारका भाषा भए पनि थारु मातृभाषी विद्यार्थीले नेपाली वर्णविन्यासमा त्रुटि गरेको देखिन्छ । सिकारुले के कस्ता प्रकृतिका त्रुटि गर्दछन्; ती त्रुटि के कति कारणले र कसरी उत्पन्न हुन्छन् भनी तिनको निराकरण गर्ने उपायको अध्ययन विश्लेषण गर्नँ त्रुटिविश्लेषण भएकाले यसले भाषा सिकाइको स्तर र त्यसमा रहेका समस्यासँग सुपरिचित गराउँछ । यसका आधारमा शिक्षकले शिक्षणलाई सहज र सुनिश्चित गर्न सक्छन् । यसले सिकारुका भाषा सिकाइको स्तर तथा समस्यासँग शिक्षकलाई परिचित गराउँछ ।

मातृभाषीहरूले पनि नेपाली भाषा प्रयोग गर्छन् र बुझ्छन् । बोलचालमा बहुप्रचालित नेपाली भाषा विभिन्न भाषा बोल्नेहरूको सम्पर्क भाषाका रूपमा विकसित भएको छ । सरकारी तथा गैरसरकारी सङ्घसंस्था तथा सरकारी कार्यालयहरूमा समेत नेपाली भाषाको प्रयोग हुँदै आएको छ । नेपाली भाषाको प्रयोग ज्ञानविज्ञानका विभिन्न क्षेत्रहरूमा हुन थालेको छ । नेपाली भाषा प्रयोगको दृष्टिले धनी छ । विज्ञान र प्रविधिका क्षेत्रमा पनि यसको प्रयोग बढ्दो छ ।

थारुको बसोबास नेपालको मध्यपश्चिम पहाड, सुर्खेत, भित्री तराई, दाङ, देउखुरी, कपिलवस्तु, रूपन्देही, चितवन, माडी मरिनखोला तथा कमला उपत्यकाका साथै नेपालको समग्र तराईमा क्षेत्रमा रहेको छ । थारु जाति आफ्नै थारु भाषासहित नेपाली भाषा पनि बोल्छन् । थारु जातिलाई राना, कठरिया, सोन्हा, डङ्गौरा, नवलपुरिया, ठढजोगी, डँडहा, मृदहा, सिंह, अर्कुतवा, चितवनी, कोचिला, दनुवार, लाम्पुत्चवा, मर्चहा, कुवँर, रउतार, पूर्वीया, पछिउँहा जस्ता विभिन्न उपजातिमा वर्गीकरण गरिएको पाइन्छ । थारु जातिको आफ्नै भाषा र संस्कृति रहेको छ । यस जातिलाई नेपाल सरकारले जनजातिका रूपमा सूचिकृत गरेको छ । थारु विभिन्न क्षेत्रीय भेद भएको भारोपेली आर्य परिवारको भाषा हो । थारु जहाँ जहाँ बसेका छन् त्यहाँ आर्य परिवारकै भाषा बोलिन्छ । नेपालमा रहेका राना, कठरिया, डगौरा, चितौनिया र कोचिला गरी पाँच प्रकारका थारु भएकामा रुपन्देहीमा डगौरा र कठरिया थारु मिश्रणका रूपमा रहेका छन् ।

नेपालको जनगणना २०६८ अनुसार थारु जातिको जनसङ्ख्या कुल जनसङ्ख्याको ६.६ प्रतिशत अर्थात् १७,३७,४७० जनसङ्ख्या रहेको छ । रूपन्देही जिल्लामा ५५,३१५ अर्थात् कुल जनसङ्ख्याको ०.२ प्रतिशत र थारु मातृभाषा हुनेको ३.६ प्रतिशत रहेको छ (केतवि, सन् २०१४, पृपृ. १३० - २०८) ।

राष्ट्रिय जनगणना २०७८ अनुसार १५,२९,८७५ जनसङ्ख्या रहेको छ । यो ५.७७ प्रतिशत हुन आउँछ । संविधानले यसलाई राष्ट्रभाषाका रूपमा मान्यता दिएको छ र औपचारिक शिक्षामा अध्ययन अध्यापनको स्वीकृति पनि पाएको छ । स्थविर शब्दले परिपक्कता, जेष्ठता, वरिष्ठता र आफ्नो मत र स्थानमा अडिग रहेको विषयवस्तुलाई जनाउँछ (सैनामैना दर्पण २०७६, पृ.१६८/६९), सैनामैना नगरपालिका, रुपन्देही) । थारु तराईका विभिन्न ठाउँमा छरिएर बसे पनि उनीहरूको संस्कार मिल्दोजुल्दो पाइन्छ । पहाडिया २०२१/०२२ सालतिर औलो उन्मूलनपछि पहाडबाट तराईतिर पुनर्वास भएको पाइन्छ ।

नेपाली र थारु समपारिवारिक भाषा परिवारका भए पनि थारु भाषी विद्यार्थीले नेपाली वर्णविन्यासमा त्रुटि गरेका देखिन्छन् । सिकारुले के कस्ता प्रकृतिका त्रुटि गर्दछन्; ती त्रुटि के कति कारणले र कसरी उत्पन्न हुन्छन् भनी तिनको निराकरण गर्ने उपायको अध्ययन विश्लेषण गर्नु त्रुटिविश्लेषण भएकाले यसले भाषा सिकाइको स्तर र त्यसमा रहेका समस्यासँग सुपरिचित गराउँछ । यसका आधारमा शिक्षकले शिक्षणलाई सहज र सुनिश्चित गर्न सक्छन् । यसले सिकारुका भाषा सिकाइको स्तर तथा समस्यासँग शिक्षकलाई परिचित गराउने अपेक्षा गरिएको छ । थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासमा गर्ने त्रुटिको अध्ययन गर्नँ औचित्यपूर्ण देखिन्छ । प्रस्तुत लेखमा नेपालको लुम्बिनी प्रदेशमा पर्ने रूपन्देही जिल्लाको सैनामैना नगरपालिकाअन्तर्गतका निर्धारित विद्यालयमा रहेका कक्षा एघारमा अध्ययनरत थारु भाषी विद्यार्थीले नेपाली वर्णविन्यासमा गर्ने त्रुटिको विश्लेषणमा सीमित छ ।

## उद्देश्य

प्रस्तुत लेखको उद्देश्य थारुभाषी विद्यार्थीको उच्चारणगत र वर्णविन्यासगत त्रुटि पहिचान गरी तिनको विश्लेषण गर्नु हो ।

## अध्ययन विधि र प्रक्रिया

डेन्जिन एन्ड लिङ्कन (सन् २००५) का अनुसार अनुसन्धान ढाँचा सैद्धान्तिक कुरालाई प्रायोगिक जगत्सँग जोड्ने मार्गदर्शन हो । प्रस्तुत लेखमा थारुभाषी विद्यार्थीको नेपाली वर्णविन्यास क्षमताको पहिचान तथा विश्लेषण गरिएको छ । यो गुणात्मक ढाँचामा आधारित अनुसन्धान हो । वर्णनात्मक विधिको प्रयोग गरिएको यस अनुसन्धानमा थारुभाषी विद्यार्थीबाट लेखिएका श्रुतिलेखन तथा निर्धारित शब्दहरूको उच्चारणका सामग्री यस लेखका प्राथमिक स्रोतीय तथ्य बनेका छन् । द्वितीयक स्रोतका रूपमा थारु भाषाका बारेमा पूर्वप्रकाशित पुस्तक, पत्रपत्रिका, शब्दकोश र पुस्तकालयीय अध्ययनकार्यबाट तथ्य एवम् सूचनाहरू लिइएका छन् । विद्यार्थीको नेपाली वर्णविन्यास क्षमताको अध्ययन गर्नाका निम्ति नेपालको लुम्बिनी प्रदेशमा पर्ने रूपन्देही जिल्लाका सैनामैना नगरपालिकामा रहेका पाँचओटा विद्यालय सैनामैना मा.वि., सुनगाभा मा.वि., पर्रोहा मा.वि., रामापुर मा.वि.र प्रभात मा.वि.का कक्षा एघारमा अध्ययनरत निर्धारित विद्यालयका पाँचजना थारु मातृभाषी छात्र र पाँचजना छात्रा गरी जम्मा ५० जना थारुभाषी विद्यार्थीको नेपाली उच्चारण र वर्णविन्यासगत त्रुटिको विश्लेषण गरिएको छ ।

## त्रुटिविश्लेषणको सैद्धान्तिक आधार

सिकारुले मातृभाषाको प्रयोग गर्दा होस् वा अन्य भाषामा नै किन नहोस् त्रुटि गरी भाषा सिक्ने गर्दछन् । ती त्रुटिका प्रकृति फरक फरक हुन्छन् । उनीहरूले आफ्नै किसिमले पनि भाषिक संरचना, व्यवस्था तथा नियमितताको निर्माण गर्दछन् । त्रुटि सिकाइको सकारात्मक पक्ष भएकाले सिकाइका क्रममामा त्रुटि हुनु विकास प्रक्रियाको सङ्केत हो । सिकारुले प्रयत्न र भूल सिकाइ सिद्धान्तका आधारमा भाषा सिक्दै जान्छ । सिकाइमा जति बढी प्रयास गऱ्यो त्यति त्रुटि कम हुँदै जान्छन् ।

त्रुटिहरूको व्यवस्थित रूपमा व्याख्या र वर्णन गर्ने प्रक्रिया त्रुटिविश्लेषण हो । यसलाई विशेष गरी दोस्रो तथा विदेशी भाषाशिक्षणका क्रममा विकसित भएको सिकारुले गर्ने त्रुटिको वर्णन र विश्लेषण गर्ने पद्धति मानिएको छ । सिकाइका क्रममा हुने त्रुटिलाई प्रगति, विकास र सफलताका रूपमा लिइएको छ । जब सिकारुले भाषा सिक्दै जान्छ तब त्रुटिलाई परिमार्जन गर्दै भाषा सिक्छ । संरचनावादीले त्रुटि अभ्यासको कमी, आदत र असफलताको चिन्ह मानिएको छ भने मनोवादीहरूले सिकारुले त्रुटि नगरी भाषा सिक्न सक्दैन भन्ने विचार व्यक्त गरेका छन् ।

भाषा सिकाइका क्रममा सिक्ने व्यक्तिले गरेका त्रुटिको अध्ययनबाट उसको त्यस क्षेत्रमा कत्तिको ज्ञान छ भन्ने कुरा अनुमान गर्न सकिन्छ । यसबाट अझ कुन कुन कुरा सिक्न बाँकी छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ । त्रुटिको भाषावैज्ञानिक शब्दमा वर्णन र वर्गीकरण गरेर एउटा त्यस्तो चित्र बनाउन सकिन्छ जसले भाषाका ती विशेषताहरू बताउँछन् (कर्डर, १९९३, पृ. १११) । राष्ट्रिय भाषा नीति सुझाव आयोग (२०५०) का अनुसार नेपाली मातृभाषा नभएका बालबालिकालाई प्रारम्भिक कक्षामा नेपाली भाषा दोस्रो भाषाका रूपमा शिक्षण गरी तल्ला कक्षादेखि नै सक्षम बनाउँदै लैजानु उचित हुन्छ भन्ने उल्लेख गरिएको छ । भाषाविज्ञानको त्रुटिपरक अध्ययनबाट पहिलो भाषा र दोस्रो वा अन्य भाषाको सिकाइ प्रक्रियामा खास अन्तर नभएको ठानिन्छ तापनि यी दुई सिकाइ प्रक्रियामा केही भिन्नता अवश्य देखाउन सकिन्छ (अधिकारी, २०५६, पृ. १२९) । विद्यार्थीले केकस्ता त्रुटि के कारणले गर्छन् भनी गरिने अध्ययन र विश्लेषणबाट त्रुटिको निराकरण गर्न सहयोग मिल्छ । गल्तीहरू कहिलेकाहीँ देखापर्ने प्रवृत्तिगत कार्यहरू हुन्, जो अव्यवस्थित किसिमका हुन्छन् र जसलाई सिकारु आफैँले सच्चाउन सक्छ तर त्रुटिका बारेमा रिचर्डस् र अरूले यो दोस्रो वा विदेशी भाषा सिकारुले भाषा सिक्दा गरेका त्रुटिको विश्लेषण गर्ने सिद्धान्त हो भनेका छन् (भण्डारी र अरू, २०६८, पृ. १३७) । त्रुटिविश्लेषण शिक्षार्थी केन्द्रित हुने भएकाले जति जति त्रुटि हुँदै जान्छ, त्यति त्यति सच्चाउँदै जाने अवसर पाएका खण्डमा त्रुटिबाट आफू सचेत भएर अगाडि बढ्ने प्रयास गर्दछ । भाषा सिकाइका क्रममा त्रुटि हुनु आफैँमा नराम्रो होइन तर यसको स्रोत पत्ता लगाई बेलैमा निराकरण गर्न सकिन्छ (लामिछाने, २०६८, पृ. ११८) । डेबिट क्रिस्टलको विचारलाई ढकाल (२०७३) ले भाषाशिक्षण तथा सिकाइका क्रममा त्रुटिविश्लेषण त्यस्तो प्रविधि हो, जसका सहायताबाट विदेशी भाषा सिकिरहेको व्यक्तिले गर्ने त्रुटिको पहिचान, वर्गीकरण र व्याख्या गरिने यसबाट सिकारुको भाषिक सामर्थ्यको स्तर स्पष्ट रूपमा झल्कन्छ भनी उल्लेख गरेका छन् । यसरी सिकारुमा के कस्ता प्रकृतिका त्रुटि के कति कारणले र कसरी उत्पन्न हुन्छन् भनी तिनको निराकरण गर्ने

उपायको खोजी त्रुटिविश्लेषण हो । प्रस्तुत लेखमा त्रुटिविश्लेषणको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासमा गर्ने त्रुटिको विश्लेषण गरिएको छ ।

## व्याख्या तथा विश्लेषण

प्रस्तुत लेखमा थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासमा गर्ने त्रुटिको विश्लेषण गर्ने क्रममा वर्णविन्यासगत तथा उच्चारणगत त्रुटिहरूको पहिचान, वर्गीकरण तथा विश्लेषण गरिएको छ । यस अनुसन्धानात्मक लेखमा 'ब' र 'व' वर्णसम्बन्धी त्रुटि, 'य' र 'ए' सम्बन्धी त्रुटि, 'क्ष', 'क्ष्य'/'छ', 'छ्य' वर्णसम्बन्धी त्रुटि, 'अ' र 'आ' वर्णसम्बन्धी त्रुटि, 'ग्यँ' र 'ज्ञ' वर्णसम्बन्धी त्रुटि, अनुस्वार, चन्द्रविन्दु र पञ्चम वर्णसम्बन्धी त्रुटि, हलन्त र अजन्तसम्बन्धी त्रुटि, पदयोग र पदवियोगसम्बन्धी त्रुटि, रकार र रेफसम्बन्धी त्रुटि, संयुक्त र मिश्र वर्णसम्बन्धी त्रुटि, 'ट' र 'त' वर्गका वर्णसम्बन्धी त्रुटि, 'श', 'ष', 'स' वर्णसम्बन्धी त्रुटि र विविध वर्णसम्बन्धी त्रुटिको विश्लेषण गरिएको छ ।

### 'ब', 'व' वर्णसम्बन्धी त्रुटि

'ब' र 'व' संरचनात्मक दृष्टिले एउटै जस्ता देखिए पनि लेखाइ तथा अर्थतात्त्विक दृष्टिले भिन्न रहेका छन् । 'ब' स्पर्शी व्यञ्जन वर्ण हो र 'व' अर्धस्वर हो । उच्चारण र लेखाइ दुबै रूपमा 'ब' र 'व' का बिच भिन्नता हुन्छ । थारुभाषी विद्यार्थी लेखाइमा 'ब' का स्थानमा 'व' र 'व' का स्थानमा 'ब' लेखी नेपाली वर्णविन्यासगत त्रुटि गरेको पाइन्छ ।

**तालिका १.** *'ब', 'व' वर्णसम्बन्धी त्रुटि*

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| जीवन | जीबन |
| वाक्य | बाक्य |
| सेवा | सेबा |
| बाहिर | वाहिर |
| विदेश | बिदेश |
| निवेदन | निबेदन |
| वाहक | बाहक |
| जीवन | जिबन |
| प्रवाह | प्रबाह |
| आवेग | आबेग |
| वचन | बचन |
| विद्वान् | बिद्वान |
| जीविका | जिबिका |

(स्रोत : स्थलगत सर्वेक्षण)

यसरी ‘व’ को पेट चिर्ने वा नचिर्ने भन्ने सम्बन्धमा विद्यार्थी अन्योलमा रहेको पाइन्छ । त्रुटि हुनुका कारणमा ‘ब’ र ‘व’ सम्बन्धी नियमको अज्ञानता, लेखाइमा बेवास्ता र मातृभाषागत प्रभाव रहेका छन् । उल्लिखित तालिकाअनुसार थारुभाषी विद्यार्थीले ‘ब’ र ‘व’ सम्बन्धी त्रुटि गरी नेपाली वर्णविन्यासगत त्रुटि गरेको पाइन्छ ।

## ‘य’ र ‘ए’ वर्णसम्बन्धी त्रुटि

‘य’ र ‘ए’ उच्चारणगत तथा संरचनात्मक दृष्टिले भिन्न छन् । थारुभाषी विद्यार्थीले ‘य’ र ‘ए’ वर्णसम्बन्धी थुप्रै त्रुटि गरेका पाइन्छन् ।

**तालिका २.** *‘य’ र ‘ए’ वर्णसम्बन्धी त्रुटि*

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| योग्य | योग्ये |
| विजय | विजए |
| भए | भ्य |
| विद्यालय | विद्यालए |
| हृदय | हिरदए |
| गएको | गयको |
| गयक | गाएक |
| इति | एटि |
| एकता | इकता |
| पक्ष | पच्छे |
| नारायण | नराएन |
| लगायत | लगाएत् |
| एवम् | यवम् |
| भए | भ्य |
| एक | इक |
| एकान्त | यकान्त |
| एकता | इकता |

(स्रोत : स्थलगत सर्वेक्षण)

यसरी थारुभाषी विद्यार्थीले 'य' प्रयोग गर्नुपर्ने ठाउँमा 'ए' र 'ए' प्रयोग गर्नुपर्ने ठाउँमा 'य' प्रयोग गरी त्रुटि गरेका छन् । त्रुटि हुनुमा उच्चारणमा ध्यान नदिनु, मातृभाषाको प्रभाव 'य' र 'ए' प्रयोगसम्बन्धी अभ्यासको कमी जस्ता कारण देखिन्छन् ।

## 'क्ष', 'क्ष्य', 'छ', 'छ्य' वर्णसम्बन्धी त्रुटि

'क्ष' र 'क्ष्य' को प्रयोग तत्सम शब्दमा मात्र गरिन्छ । नेपाली भाषाका तद्भव तथा आगन्तुक शब्दमा 'छ' र 'छ्य' को प्रयोग गरिन्छ ।

**तालिका ३.** *'क्ष', 'क्ष्य', 'छ', 'छ्य' वर्णसम्बन्धी त्रुटि*

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| अक्षर | अछर |
| क्षण | छन |
| पक्ष | पक्छय |
| लक्ष्य | लछ्य |
| शिक्षक | शिछक |
| शिक्षा | शिछा |
| कक्षा | कच्छा |
| क्षण | छर |
| क्षमा | छेमा |
| पक्ष | पछय |
| साक्षर | साछेर |
| शिक्षा | सिच्छा |
| अध्यक्ष | अधेक्ष्य |
| अक्षता | अछेता |

(स्रोत : स्थलगत सर्वेक्षण)

यसरी थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासका क्रममा 'क्ष' को ठाउँमा 'छ' र 'छ' तथा 'क्ष', 'छ्य' को ठाउँमा 'छ' को प्रयोग गरी त्रुटि गरेका छन् । यस्ता त्रुटि हुनुमा अभ्यासको कमी, उच्चारणका ध्यान नदिनु र मातृभाषाको प्रभाव रहेका छन् ।

### **'अ' र 'आ' वर्णसम्बन्धी त्रुटि**

**तालिका ४.** *'अ' र 'आ' वर्णसम्बन्धी त्रुटि*

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| नामकरण | नामाकरन |
| महिमा | माहिमा |
| ठूलीआमा | थुलिमा |
| आधुनिक | अढुनिक् |
| आस्था | अस्ठा |
| आरोहण | अरोहन |

(स्रोत : स्थलगत सर्वेक्षण)

यसरी उल्लिखित तालिकाअनुसार थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासका क्रममा 'अ' र 'आ' वर्णसम्बन्धी त्रुटि गरेको पाइन्छ ।

### **'ग्यँ' र 'ज्ञ' वर्णसम्बन्धी त्रुटि**

**तालिका ५.** 'ग्यँ' र 'ज्ञ' वर्णसम्बन्धी त्रुटि

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| प्रज्ञा | परग्या |
| ज्ञवाली | गेबाली |
| मनग्य | मनगे |
| व्यङ्ग्य | बेङ्ग |
| आज्ञा | आग्या |
| ज्ञान | ग्यान |
| संज्ञा | सग्या |
| प्राज्ञ | पराग्य |
| विज्ञ | विग्य |
| विज्ञापन | बिग्यापन |
| ज्ञाता | ग्याता |
| ज्ञानी | ग्यानी |

(स्रोत : स्थलगत सर्वेक्षण)

उल्लिखित तालिकाअनुसार थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासका क्रममा 'ग्यँ' र 'ज्ञ' वर्णसम्बन्धी त्रुटि गरेको पाइन्छ ।

## अनुस्वार, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णसम्बन्धी त्रुटि

चन्द्रविन्दुको सही प्रयोगको अभावमा लेखाइमा त्रुटि हुन्छ । चन्द्रविन्दुको प्रयोग गर्नुपर्ने ठाउँमा नगरेमा अथवा शिरविन्दुको प्रयोग गरेमा त्रुटि हुने गर्दछन् ।

**तालिका ६.** *अनुस्वार, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णसम्बन्धी त्रुटि*

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| दिएँ | दिए |
| आँप | आप |
| आउँछ | आउछ |
| गएँ | गए |
| आएँ | आए |
| अङ्गुर | अगुर |
| सिँचाइ | सिचाइ |
| दाँत | डाट |
| घाँस | घास |
| डाँठ | डाठ |
| साँझ | साझ |
| काँध | काध |
| काँचो | काचो |
| संसार | सन्सार |
| संवाद | सम्बाद |
| संस्था | सस्था |
| अँगार | अगार |
| अँध्यारो | अध्यारो |
| ठाउँ | ठाउ |
| भनेँ | भने |
| संहार | सम्हार |
| पिउँछ | पिउछ |
| अंश | अम्स |
| प्रशंसा | परसम्सा |
| संस्कृति | सस्कृति |
| संरक्षण | सम्रछन |
| संलग्न | सम्लग्न |
| संस्कार | सस्कार |

(स्रोत : स्थलगत सर्वेक्षण)

यसरी नेपाली वर्णविन्यासका क्रममा थारुभाषी विद्यार्थीले अनुस्वार, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णसम्बन्धी थुप्रै त्रुटि गरेका छन् । यस किसिमका त्रुटि हुनुमा मातृभाषाको प्रभाव, नियमको बेवास्ता र अभ्यासको कमी जस्ता कारण रहेका छन् ।

### हलन्त र अजन्त वर्णसम्बन्धी त्रुटि

**तालिका ७**. *हलन्त र अजन्त वर्णसम्बन्धी त्रुटि*

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| शुभ | सुभ् |
| पढ | पर् |
| पढ्न | परन |
| भन् | भ्न |
| दण्डवत् | डन्डवत |
| महान् | महान |
| आपत् | ऋापत |
| बलवान् | ब्लबान |
| स्वागतम् | स्वागतम |
| एवम् | एबम |
| श्रीमान् | सिरमान |
| भगवान् | भ्गामान |

(स्रोत : स्थलगत सर्वेक्षण)

उल्लिखित तालिकाअनुसार थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासका क्रममा हलन्त र अजन्तसम्बन्धी त्रुटि गरेको पाइन्छ ।

## पदयोग र पदवियोगसम्बन्धी त्रुटि

**तालिका ८.** *पदयोग र पदवियोगसम्बन्धी त्रुटि*

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| बढी नै | बढिनै |
| त्यो त | त्योत |
| केके | के के |
| प्रमाणस्वरूप | प्रमान स्वरुप |
| बलपूर्वक | बल पूर्वक |
| घाम छ | घाम्छ |
| रात छ | रात्छ |
| बस्छ | बस् छ |
| तिमीले | टिमी ले |
| काम छ | काम्छ |
| समाजसँग | सामाज सग |
| मानिसलाई | मानिस लाइ |
| जे जे | जेजे |
| देशको समेत | देशकोसमेत |
| पढ्दै थियो | पढ्दैथियो |
| देखा पर्नु | देखापर्नु |

(स्रोत : स्थलगत सर्वेक्षण)

यसरी थारुभाषी विद्यार्थीले पदयोग र पदवियोगसम्बन्धी त्रुटि रहेका छन् । त्रुटि हुनुमा अभ्यासको अभाव, मातृभाषागत प्रभाव र भाषा प्रयोगमा असावधानी जस्ता कारण रहेका छन् ।

## रकार र रेफ वर्णसम्बन्धी त्रुटि

**तालिका ९.** *रकार र रेफ वर्णसम्बन्धी त्रुटि*

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| ईक्षा | इच्छया |
| सुमार्ग | सुमारग् |
| नर्स | नरस |
| धैर्य | ढैर्य |
| गरगहना | गर्गहना |
| सिर्जना | सिरजन |
| मूर्ख | मुरख् |
| बलपूर्वक | बलपुरबक् |
| खर्च | खारच |
| वर्ष | वरस |

(स्रोत : स्थलगत सर्वेक्षण)

उल्लिखित तालिकाअनुसार थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासका क्रममा रकार युक्त वर्ण भएका शब्दका आदि, मध्य र अन्त्य स्थानमा बढी त्रुटि गरेको पाइन्छ ।

## संयुक्त वर्णसम्बन्धी त्रुटि

**तालिका १०.** *संयुक्त वर्णसम्बन्धी त्रुटि*

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| जुत्ता | जुता |
| मूर्ति | मूरटि |
| पर्दा | परडा |
| ज्यादै | जयादै |
| झ्याल | झयाल् |
| विद्यार्थी | बिधारथी |
| विद्यालय | बिधालय |
| बुद्धिजीवी | बुदिजिबि |

(स्रोत : स्थलगत सर्वेक्षण)

उल्लिखित तालिकाअनुसार थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासका क्रममा संयुक्त वर्णको लेखाइमा त्रुटि गरेको पाइन्छ ।

## 'ट' र 'त' वर्गका वर्णसम्बन्धी त्रुटि

**तालिका ११.** *'ट' र 'त' वर्गका वर्णसम्बन्धी त्रुटि*

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| घटना | घतना |
| टाकुरा | ताकुरा |
| यावत् | यावट् |
| टालो | तालो |
| रात | राट |
| त्ह | टह |
| तिमी | टिमि |
| सुटुक्क | सुतुक्क |
| त्यो | ट्यो |
| वस्तु | वस्टु |
| सन्तु | सन्टु |
| सीता | सिटा |
| सात | साट |
| भत | भाट |
| टीका | तिका |
| मोटी | मोती |
| उल्टो | उल्तो |

(स्रोत : स्थलगत सर्वेक्षण)

यसरी उल्लिखित तालिकाअनुसार थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासका क्रममा 'ट' र 'त' वर्गका वर्णसम्बन्धी त्रुटि गरेको पाइन्छ ।

### **'श', 'ष', 'स' वर्णसम्बन्धी त्रुटि**

नेपाली भाषामा तीनओटा 'स' श, ष, स रहेका छन् । नेपाली भाषाका सन्दर्भमा तत्सम शब्दबाहेक अन्य शब्दमा दन्त्य 'स' प्रयोगको नियम रहेको छ

**तालिका १२.** *'श', 'ष', 'स' वर्णसम्बन्धी त्रुटि*

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| आदर्श | आर्दस् |
| घाँस | घास |
| देश | देस |
| शक्ति | सक्ति |
| भषा | भासा |
| महापुरुष | माहापुरुस |
| शाश्त्र | सास्त्र |
| शोभा | सोभा |
| आशीर्वाद | आर्सिबाद |

(स्रोत : स्थलगत सर्वेक्षण)

यसरी विद्यार्थीमा तत्सम, तद्भव तथा आगन्तुक शब्दबिच अन्योल भई प्रायः दन्त्य 'स' को प्रयोग गरेको पाइन्छ । थारुभाषी विद्यार्थीले दन्त्य 'स' मात्र प्रयोग गरेको पाइन्छ ।

## विविध वर्णसम्बन्धी त्रुटि

**तालिका १३.** *विविध वर्णसम्बन्धी त्रुटि*

| मानक शब्द | त्रुटिपूर्ण वर्णविन्यास |
|---|---|
| महासचिव | मासचिब |
| सहसचिव | ससचिब |
| विद्वान् | बिड्वान |
| कृपा | किरपा |
| प्रसाद | पर्साद |
| ठुँग्नु | थुग्नु |
| साँघुरो | सागुरो |
| बिजुली | बिज्ली |
| सम्पत्ति | सम्पट्टि |
| मातृत्व | मातृतो |
| धर्म | ढरम् |
| कर्म | करम् |
| विद्या | बिधा |
| विद्यार्थी | बिधाथी |
| गन्तव्य | गन्टबे |
| तरङ्ग | टरङग |
| स्थायी | इस्थाइ |
| स्तब्ध | इस्तब्ध |
| स्थानीय | इस्थानिए |
| विद्यालयमा | विढ्यालयमा |
| विद्वान् | विड्वान |
| सघाउँछु | सघाउन्छु |
| पढेर | पदेर |

(स्रोत : स्थलगत सर्वेक्षण)

उल्लिखित तालिकाअनुसार थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासका क्रममा विविध त्रुटि गरेका छन् ।

## निष्कर्ष

यस अनुसन्धानमा थारुभाषी विद्यार्थीका उच्चारणगत र वर्णविन्यासगत त्रुटिको पहिचान गरी वर्गीकरण र व्याख्या गरिएको छ । अध्ययनमा सहभागी बनाइएका विद्यार्थीहरूले उच्चारणमा 'ब' हुने तर लेखाइमा 'व' हुने अवस्थामा 'व' नै लेखी त्रुटि गरेको पाइएको छ । 'य' लेख्नुपर्ने ठाउँमा 'ए' र 'ए' लेख्नुपर्ने ठाउँमा 'य' लेखी त्रुटि गरेका छन् । 'क्ष' लेख्नुपर्ने ठाउँमा 'छ' र 'छ' को ठाउँमा 'क्ष' को प्रयोग गरी त्रुटि गरेका छन् । पदवियोग गर्नुपर्ने ठाउँमा पदयोग गरी त्रुटि गरेका छन् । चन्द्रबिन्दु दिनुपर्ने ठाउँमा शिरबिन्दुको प्रयोग गरेको अवस्था देखिन्छ । 'श', 'ष', 'स' सम्बन्धी परीक्षणमा कुन 'स' को प्रयोग गर्ने भन्ने सम्बन्धमा स्पष्ट नभएको पाइन्छ । 'ढ' वर्णलाई 'ड' उच्चारण गरेको पाइन्छ । 'त' वर्गका वर्णलाई 'ट' वर्गमा उच्चारण गर्ने प्रवृत्ति पाइन्छ । 'ग्यँ' संयुक्त वर्णलाई 'ग', 'गे', 'ग्गे' मा रूपान्तरण गरी त्रुटि गरेको पाइन्छ । हलन्त उच्चारण गर्नुपर्नेमा अजन्त र अजन्त उच्चारण गर्नुपर्नेमा हलन्त उच्चारण गरी त्रुटि गरेको पाइन्छ । पञ्चम वर्णको उच्चारणमा अधिक त्रुटि पाइन्छन् । रकार लागेका वर्णको उच्चारणमा रकारको लोप गरी उच्चारण गर्दा लेखाइमा त्रुटि गरेको पाइन्छ । रेफ लागेका वर्णको उच्चारणमा वर्णको लोप र आदेशको प्रयोग गर्दा त्रुटि भएको पाइन्छ । संयुक्त वर्णयुक्त शब्दको उच्चारण र लेखनमा त्रुटिको मात्रा अत्यधिक पाइन्छन् । थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासमा त्रुटि गर्नुमा मातृभाषाको प्रभाव, वर्णविन्यासका नियमसँग अनभिज्ञता, ध्यान दिएर सुन्ने तथा लेख्ने बानीको अभाव र शिक्षकबाट उपयुक्त निर्देशनको अभावलाई लिन सकिन्छ । थारुभाषी विद्यार्थील शुद्ध उचारण गर्न नसक्नु, कहाँ रोकिनुपर्ने हो, त्यसका बारेमा जानकारी नहुनु, मातृभाषाको प्रयोग बढी हुनु, छिटोछिटो पढ्नु र संयुक्त वर्ण उच्चारण गर्न नसक्नुजस्ता कारणले नेपाली वर्णविन्यासमा त्रुटि भएको पाइन्छ । शब्दभण्डार, शब्दोच्चारणको तरिका र लय भिन्न भएकाले नेपाली भाषाका सुनाइ, बोलाइ, पढाइ तथा लेखाइमा समेत त्रुटि गरेको पाइन्छ । यसरी थारुभाषी विद्यार्थीले नेपाली वर्णविन्यासमा त्रुटि गरेको पाइन्छ ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी, हेमाङ्गराज (२०४९). *समसामयिक नेपाली व्याकरण.* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५७). *भाषाशिक्षणका केही परिप्रेक्ष्य तथा पद्धति.* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र राई, विष्णुसिंह (सन् २००६). *दोस्रो भाषाका रूपमा नेपाली शिक्षणका लागि शिक्षण निर्देशिका.* शिक्षा विभाग ।

अधिकारी, हेमाङ्गराज र राई, विष्णुसिंह (सन् २००६). *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण.* शिक्षा विभाग ।

अधिकारी, हेमाङ्गराज, लम्साल, जयप्रसाद र योन्जन अमृत (२०७२). *नेपालमा बहुभाषिक शिक्षा.* शिक्षक स्वाध्ययन सामग्री. शैक्षिक जनशक्ति विकास केन्द्र ।

कर्डर, एस. पिट (सन् १९९३). *एरर एनालाइसिस एन्ड इन्टरल्याङ्ग्वेज.* अक्सफोर्ड युनिभर्सिटि प्रेस ।

चौधरी, महेश (२०५६). *थारु भाषाको लिरौसी व्याकरण.* ब्याकवडा सोसाइटी एजुकेसन ।

चौधरी, महेश (२०६४). *समाज भाषावैज्ञानिक दृष्टिले थारु भाषिक बृहत् अध्ययन.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

डेन्जिन, के.एन.एम. र लिङ्कन, एस. आइ. (सम्पा.) (सन् २००५). *द सेज हेन्डबुक अफ क्वालिटेटिभ रिसर्च.* सेज पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद (२०७३). *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम.* पिनाकल पब्लिकेसन ।

थारु, तेजनारायण पंजियार (२०५५). *थारु भाषा : एक परिचय.* बौली चौधरी ।

थारु, बमबहादुर (२०६७). *रुपन्देहीको थारु समाज र संस्कृति.* थारु भाषा, कला तथा संस्कृति उत्थान मञ्च ।

दहिल, गोपाल (२०४५). *थारु नेपाली अङ्ग्रेजी शब्दकोश.* सामूहिक युवा क्लब ।

पञ्जियार, तेजनारायण (२०५३). *थारु भाषाको खोजखबर. चौधरी, महेश (सम्पा.),* नेपालका तराई र यसका भूमिपुत्रहरू. शान्ति चौधरी ।

पन्थी, टीकाराम (२०६०). *भाषिक चिन्तन.* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, माधवप्रसाद (२०४२). *नेपाली भाषामा लिङ्ग व्यवस्था.* पाठ्यक्रम विकास, ८, (१८), (पृपृ.४१ - ५०) ।

पौडेल, माधवप्रसाद (२०७३). *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू.* हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

भण्डारी र अन्य (२०६८). *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम.* विद्यार्थी पुस्तक भण्डार ।

भाषा आयोग (२०७६). *दोस्रो भाषाका रूपमा नेपाली भाषाशिक्षण सिकाइ अध्ययन प्रतिवेदन.* काठमाडौँ ।

लम्साल, रामचन्द्र र अन्य (२०७०). *प्रायोगिक भाषाविज्ञान.* भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६८). *प्रायोगिक भाषाविज्ञान.* विद्यार्थी पुस्तक भण्डार ।

लेविस, एम.पि., जी.एफ.सिमन र सी.डी.फेनिङ (सन् २०१४). *थारु डङ्गौरा अ ल्याङ्वेज अफ नेपाल, संसारका जनजातिको भाषा (सातौँ संस्क).* दल्लास. एस.आइ.एल. अनलाइन भर्सन ।

सर्वहारी, कृष्णराज (२०६७).'थारु भाषा साहित्यको रूपरेखा'. *सयपत्री.* पूर्णाङ्क २१. (पृपृ.४४-६५) ।